# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं श्रावण ७ गते २०१४ साल

### पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ३३

शिक्षामन्त्रालयअन्तर्गत भक्तपुर हाइ स्कूलका निमित्त एकजना हाइस्कूल शिक्षक चाहिएको छ । योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो बेहोरा स्पष्ट भरी २०१४ साल भाद्र ३१ गते रोज २ सम्ममा तलको ठेगानामा पुग्ने गरी फी दस्तुर मोरु १ वा त्यतिको नेपाली टिकट सहित दरखास्त गर्नु होला । फी दस्तुर नभएको र म्याद नाघी दाखिल दरखास्त उपर विचार हुनेछैन । दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक गढी गौंडा गोस्वारामा पनि पाइनेछ ।

पदको विवरण यस प्रकार छः—

१. पदः– हाइस्कूल शिक्षक, नन् गजेटेड, स्थायी तथा पेन्सन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः–सिभिक्स र म्याथमेटिक्स लिई बी. ए. पास भएको ।

३. वांछनीय योग्यताः– पहिला वा दोश्रा श्रेणीमा पास भएकोलाई प्राथमिकता दिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४· मासिक तलबको स्केल र भत्ताः- मोहरु १०५। देखि २००।, महँगी भत्ता मोहरु १५।

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी-पब्लिक सर्भिस कमिशन,
सिंहदरबार, काठमाडौं, नेपाल·

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं· ३४

कृषिडाइरेक्टर अफिसअन्तर्गत लाइभष्टक इम्प्रूभमेन्ट सेक्सन मातहत पूर्व २ नं. जिरिखिम्ति गोठलाई एकजना फिल्ड एसिस्टेन्ट चाहिएको छ। योग्य उमेदवारहरूले प· स. क. दरखास्त फाराम नं· १ (२०१० मा आपनो बेहोरा स्पष्ट भरी २०१४ साल आश्विन १ गते रोज ३ सम्ममा तलको ठेगानामा पुग्ने गरी फी दस्तुर मोरु १। वा त्यतिको नेपाली टिकट सहित दरखास्त गर्नु होला। फी दस्तुर नभएको र म्याद नाघी दाखिल भएको दरखास्तउपर विचार हुनेछैन। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पाइन्छ।

पदको विवरण यस प्रकार छः-

१. पदः- फिल्ड एसिस्टेन्ट, स्थायी तथा पेन्सेन पाइने।
२. आवश्यक न्यूनतम योग्यताः- नेपालीमा लेखपढ गर्न, हर हिसावमा चार साधारण नियम जान्ने।
३. मासिक तलबको स्केलः- तलब मोरु ५०। देखि ६०। महँगी भत्ता मोरु १०।
४. कामः- पूर्व २ नं. जिरिखिम्ती गोठमा गई गोठको काम गर्नु पर्ने।

आज्ञाले-
खड्गमान मल्ल,
सेक्रेटरी-पब्लिक सर्भिस कमिशन·
सिंहदरबार, काठमाडौं, नेपाल·

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं· ३५

शिक्षामन्त्रालय-अन्तर्गत दार्चुला दिलेश्वरी आधार स्कूललाई एक प्राइमरी शिक्षक चाहिएको छ। योग्य उमेदवारहरूले प. स· क· फाराम नं· १

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२०१०)मा अरफआफ्नो बेहोरा स्पष्ट खोली फी दस्तुर मोरु १। वा त्यतिको नेपाली टिकटसहित तलको ठेगानामा पुग्ने गरी २०१४ साल आश्विन २ गते रोज ४ सम्ममा दरखास्त गर्नु होला। फी दस्तुर नभएको र म्याद नाघी दाखिल भएको दरखास्तउपर विचार हुनेछैन।

पदको विवरण यस प्रकार छः—

१. पदः— प्रारंभिक शिक्षा, स्थायी तथा पेन्सेन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः- म्याट्रिक पास।

३. वाञ्छनीय योग्यताः- बेसिकपट्टि केही अनुभव।

४. मासिक तलबको स्केलः- तलब मोरु ६० देखि ६०।४ महँगी भत्ता मोरु १०।

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन,
सिंहदरबार, काठमाडौं, नेपाल.

## पब्लिक सर्भिस कमिशनको सूचना

२०१४ साल ज्येष्ठ २८ गते रोज २ को गोरखापत्रमा
प्रकाशित विज्ञापन नं. २१ मा थप (ग)

ठाउ ठाउँमा खाली भएको जूनियर क्लर्क ७ मा पछि ५ र १ समेत थप गरी जवान १३ का निमित्त नं. २१ को विज्ञापन प्रकाशित तथा प्रसारित भएको थियो। हाल फेरि कुमारीचोक मध्येश पहिलालाई १, लगत फाँटलाई १ र विराटनगर भेटेरिनरी डिस्पेन्सरीलाई १ समेत जवान ३ चाहिं कोले जम्मा १६ जवान पुगेको छ। हाल प्रकाशित भएका उक्त पदहरूमा पनि उमेदवारहरूले पहिले प्रकाशित भएबमोजिम २०१४।४।२४।६ सम्ममा दरखास्त दिनु हुनाका निमित्त सूचना गरिएको छ।

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी,—पब्लिक सर्भिस कमिशन.
सिंहदरबार, काठमाडौं, नेपाल।

गोरखापत्र छापाखानामा मुद्रित। मेनेजर, प्रेमराज शर्मा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।